गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**व्यावसायिक तथा सीप विकास तालिम केन्द्र**
पोखरा, नेपाल

सूचना प्रकाशन मिति २०८१/०३ /१८

# घर भाडामा लिने सम्बन्धी सूचना

व्यावसायिक तथा सीप विकास तालिम केन्द्र पोखराको लागि घर भाडामा लिनुपर्ने भएकोले घरभाडामा दिन इच्छुक घरधनिले तपसिलको उल्लेखित सीमा भित्र रही यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र रु. १० को टिकट टाँस गरी शिलबन्दी दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

१. घर पूर्व अमरसिंहचोक, रामबजार, पश्चिम हल्लनचोक, वैदाम उत्तर वगर र दक्षिण विरौटा, छोरेपाटन यति चार किल्ला भित्र हुनुपर्नेछ । घर पक्की हुनुपर्ने, कम्तीमा १२/१३ कोठा सम्म र विजुली , पानी, पार्किङ, पीच मोटरबाटोको सुविधा हुनुपर्नेछ ।

२. मासिक कति भाडामा दिने हो अंक र अक्षरमा स्पष्ट खुलाउनु पर्नेछ । नियमानुसारको लाग्ने कर घरभाडा बाट कट्टा गरी कार्यालयको तर्फबाट दाखिला गराई दिईनेछ ।

३. निवेदन साथ जग्गा धनि प्रमाणपुर्जा, चालु आ.व. को तिरो बुझाएको रसिद , नगरपालिका बाट घर निर्माण सम्पन्नको प्रमाणपत्र र स्थायी नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपि संलग्न गर्नुपर्नेछ ।

४. निवेदन दिदा घरधनि उपस्थित हुन नसकेमा अधिकृत वारेस मार्फत पनि दरखास्त दर्ता गराउन वाधा पुग्ने छैन

५. घरभाडा निर्धारण समितिले तोकेको दररेट भन्दा बढि हुने गरी घरभाडा दिइने छैन ।

६. घरभाडामा दिन इच्छुक घरधनिले २०८१/०३ /१८ गते देखि २०८१/ ०४ /०१ सम्म कार्यालय खुलेको दिनमा कार्यालय समय भित्र गोप्य शिलवन्दी दरखास्त दर्ता गराउन सकिनेछ । अन्तिम दिन कुनै कारणले कार्यालय वन्द भएमा कार्यालय खुलेको दिन यसै तालिम केन्द्रमा दरखास्त दर्ता गरिनेछ ।

७. शिलवन्दी खाममा समेत घरभाडामा दिने व्यक्तिको पुरा नामथर, ठेगाना, सम्पर्क नं. अनिवार्य रुपमा उल्लेख गर्नपर्नेछ ।

८. घरभाडामा लिने नलिने अन्तिमा टुंगो अगाउने अधिकार यस व्यावसायिक तथा सीप विकास तालिम केन्द्रमा निहित रहनेछ । दरखास्त जिल्ला प्रशासन कार्यालय कास्कीको रोहवरमा व्यावसायिक तथा सीप विकास तालिम केन्द्रको अनुकुलतामा खोलिने छ र दरखास्त खोल्दा निवेदकहरुलाई फोनबाट सम्पर्क गरिनेछ ।सम्पर्क नभएमा वा दरखास्त वालाहरुको अनुपस्थितिमा समेत गोप्य शिलबन्दी दरखास्त खोल्न बाधा पुगेको मानिने छैन ।

केन्द्र प्रमुख

केन्द्र प्रमुख